नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०७९/०८० को बार्षिक प्रतिवेदन




२०७९ श्रावण १ देखि २०८० असार मसान्तसम्म

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

मिति : २०८०।०५।०६

## भूमिका

जिल्लामा शान्ति सुरक्षा एवं अमनचयन कायम गरी सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाह गर्न नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा यस जिल्ला प्रशासन कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यस कार्यालयबाट शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, नेपाली नागरिकताको प्रमाणपत्र वितरण, राहदानी वितरण, राष्ट्रिय परिचयपत्रको विवरण संकलन, विपद् व्यवस्थापन, विकास निर्माणका कार्यमा समन्वय र सहजीकरण, कोभिड-१९ जस्ता महामारी नियन्त्रण तथा रोकथाम र उपचारका लागि समन्वय, उपभोक्ता हकहित संरक्षण, संघीय सरकार र प्रदेश सरकारका निर्णयहरु कार्यान्वयन, प्रदेश सरकार र स्थानीय तहहरुसँग समन्वय, सहजीकरण र सहकार्य, कानूनले तोकेबमोजिम न्यायिक तथा अर्धन्यायिक कार्यहरु लगायतका विषयमा सम्पादन हुँदै आएको मुख्य कार्यहरुको विवरण समावेश गरी आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ ।

यस कार्यालयबाट २०७९ श्रावण देखि २०८० असार मसान्तसम्म सम्पादन गरिएका कार्यक्रम/क्रियाकलाप एवं प्रद्वान गरिएका सेवाहरुलाई समावेश गरी तयार गरिएको यस प्रतिवेदनमा विगत ५/६ वर्षको तुलनात्मक विवरण समेत प्रस्तुत गरी प्रतिवेदनमा गुणात्मक सुधारको प्रयास गरिएको छ । प्रकाशित सामग्रीबाट यस कार्यालयबाट प्रदान गरिएका सेवा तथा काम कारवाहीको बारेमा सम्वद्ध सबैलाई जानकारी हुनुका साथै नागरिकको सुसूचित हुन पाउने अधिकारको पनि प्रत्याभूति हुने एवं सामाग्रीमा सबैको पहुँच समेत विस्तार हुन गई पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा सघाउ पुग्ने विश्वास छ । यो वार्षिक प्रगति पुस्तिकालाई अझ परिमार्जन गर्दै लैजान यँहाको सुझाब र पृष्ठपोषणका लागि अनुरोध समेत गर्दछु । यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यपरक सामाग्री संस्थागत संस्मरणका दृष्टिले समेत उपयोगी रहनेछ भन्ने अपेक्षा गरेको छु । यो प्रतिवेदनको तयारी एवं प्रकाशनमा योगदान पुऱ्याउने सबै कर्मचारी परिवारलाई धन्यवाद व्यक्त गर्दछु।

(कल्पना श्रेष्ठ)

प्रमुख जिल्ला अधिकारी

# विषय सूची


| क्र.सं. | विषयहरु | पेज नं. |
|---|---|---|
| १. | आ.व. २०७८/०७९ को संक्षिप्त वार्षिक प्रगति | १-२ |
| २. | कार्यालयको संक्षिप्त परिचय | ३-६ |
| ३. | कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी | ७-८ |
| ४. | हालसम्मका प्रमुख जिल्ला अधिकारी र कार्यरत कर्मचारीहरुको विवरण | ८-९ |
| ५. | कार्यालयबाट सम्पादित कार्यहरु | १०-२३ |
| | ५.१. शान्ति सुरक्षा | १०-१२ |
| | ५.२. नागरिकता वितरण | १३-१४ |
| | ५.३. राहदानी वितरण | १४-१५ |
| | ५.४. राष्ट्रिय परिचय पत्र | १६ |
| | ५.५. प्रशासनिक कार्यहरु | १६-१८ |
| | ५.६. मुद्दा फैसला तथा गुनासो ब्यवस्थापन | १८-२० |
| | ५.७. संस्था दर्ता नविकरण तथा नियमन | २० |
| | ५.८. कसूरजन्य सम्पत्ति तथा साधन मूल्याङ्कन | २० |
| | ५.९ भन्सार जाचँपास सुरु | २१ |
| | ५.१० औद्योगिक क्षेत्र स्थापना सम्बन्धी समन्वय | २१ |
| | ५.११ नमुना सदरमुकाम निर्माणमा पहल | २१ |
| | ५.१२ राजश्व चुहावट अनुगमन तथा नियन्त्रण | २१ |
| | ५.१३ प्र.जि.अ. निवास भवन निर्माण : | २१ |
| | ५.१४ क्रसर उद्योग | २१ |
| | ५.१५ सरकारी कार्यालय निरीक्षण | २२ |
| | ५.१६ बजार अनुगमन | २२ |
| | ५.१७ सुरक्षा निकायको निरीक्षण | २२ |
| | ५.१८. जिल्ला स्थित सूचना अधिकारीसँग अन्तरक्रिया | २३ |
| ६. | लागु औषध नियन्त्रण | २३-२४ |
| ७. | विपद व्यवस्थापन | २४-२८ |
| ८. | मुआब्जा वितरण तथा विकास सहजीकरण | २९-३० |
| ९. | कार्यालयबाट भएको समन्वय र कार्यान्वयन | ३०-३५ |
| | १. समन्वय र पहल | ३०-३२ |
| | २. कार्यान्वयन | ३३-३५ |
| १०. | जिल्ला प्रशासन कार्यालयबाट गरिएका प्रवर्द्धनात्मक कार्य | ३५-३६ |
| ११. | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ शान्तिपूर्ण सम्पन्न | ३६-३७ |
| १२. | बजेट, खर्च र राजश्व विवरण | ३८-४१ |
| १३. | जिल्लास्थित सुरक्षा निकायहरुको विवरण | ४२ |
| १४. | जिल्लास्थित सरकारी कार्यालयको विवरण (सम्पर्क नं. सहित) | ४३-४६ |

## १. आ.व. २०७९/०८० को संक्षिप्त वार्षिक प्रगति

**क) कार्यालयको परिचय र स्थापना** : नेपालको संविधान (२०७२) बमोजिम नवलपरासी जिल्लाबाट २०७४/०७/१९ मा विभाजन भई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला बनेको । जनगणना, २०७८ अनुसार जिल्लाको जनसङ्ख्या ३,७८,०७९ रहेको । प्रचलित कानून बमोजिम शान्ति सुरक्षा र सुशासन कायम गर्ने लगायतका कार्य जिम्मेवारी रहेको ।

**ख) सम्पादन हुने मुख्य- मुख्य सेवाहरु**: शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्थानीय प्रशासन, विकास निर्माणमा समन्वय र गतिशिलता, सुशासन प्रवर्द्धन, नागरिकता, राहदानी, राष्ट्रिय परिचय-पत्र, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, विपद व्यवस्थापन, अन्तर निकाय/संस्था बीच समन्वय र सहजिकरण लगायतका मुख्य कार्यहरु सम्पादन गरिएको ।

**ग) संगठन संरचना**: प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम), स.प्र.जि.अ., प्रशासकीय अधिकृत-३ सहित जम्मा ३३ दरवन्दी रहेको, जसमा २ जना ना.सु. र ३ जना खरिदार गरी ५ पद रिक्त रहेको ।

**घ) नव प्रवर्तनात्मक कार्यहरु:** राहदानी सेवा र राष्ट्रिय परिचय पत्रलाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँग समन्वय तथा सहकार्य गरी फारम भर्न सहजीकरण कक्ष स्थापना भई कार्यान्वयनमा रहेको।

**ङ) कार्यालयले सामना गरेका प्रमुख समस्या तथा चुनौतिहरू:** कार्यालयको आफ्नै भवन नहुनु र दैनिक सेवाग्राहीको चाँप बढीरहेको सन्दर्भमा सेवा प्रवाहमा समस्या सिर्जना भएको ।

# ०७९/८० मा सम्पादित मुख्य कार्य र सोको प्रगति विवरण

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला –५४९७, पुरुष-४८६१, जम्मा -१०३५८ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला –३३६७, पुरुष-४३०४, जम्मा -७६७१ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संवोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन (गुनासो फर्छौट) | **CCRS -** प्राप्त- ३५३७, फर्छौट- ३४१९<br>कार्यालयमा सिधै प्राप्त/फर्छौट -७६ |
| ४ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | ३५१० (नागरिकताको अनुसूची स्क्यान) |
| ५ | E-passport (Enrolment) | महिला-७७२१ , पुरुष-१२७०९ नाबालक-४६५,<br>जम्मा –२०८९५ |
| ६ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला –८००९, पुरुष-१४०३९, जम्मा - २२१४६ |
| ७ | विपदवाट प्रभावित घरको संख्या | ९ (३ जना मृत्यु, ६वटा वाढी पहिरो प्रभावित) |
| ८ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | १९,०८९२०/- (सिरक वितरण - ९,९८,९२०/-) |
| ९ | विपद व्यवस्थापन समितिको वैठक संख्या | ७ पटक |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या नयाँ | १०६ |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | ३३० |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | ३ |
| १३ | संस्थाको विधान संशोधन | ४ |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | राहदानी- १०४९७०००० <br>संस्था दर्ता/नविकरण- ११४१७००<br>प्रशासनीक दण्ड जरिवाना - २८४४६०७<br>अन्य प्रशासनिक सेवा शुल्क : ६३४८१७०<br>परिक्षा शुल्क : ७०००<br>सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त - ४०००००/-<br>जम्मा: ११,५७,११,४७७/- |
| १६ | • मुद्दा दर्ता<br>• मुद्दा फर्छौट संख्या | अल्या - ६२, नयाँ दर्ता - ७३<br>फर्छौट - ९०, फर्छौट बाकी - ४५ |
| १७ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | २८ |
| १८ | ठाडो उजुरी सख्या | २३४ |
| १९ | नाबालक परिचय पत्र वितरण | ६६७ |
| २० | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | ८५९ |
| २१ | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | ८२० |
| २३ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ७३९ |
| २४ | चालचलन प्रमाणित | २९ |
| २५ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ७ |
| २६ | सुरक्षा समितिको बैठक | ३२ |
| २९ | विविध बैठक | ४९ |
| ३० | राजस्व चुहावट समितिको बैठक | ४ |
| ३१ | संस्था अनुगमन | २४ वटा |
| ३२ | सुरक्षा निकाय अनुगमन | २४ पटक |
| ३३ | सरकारी कार्यालय अनुगमन | १० वटा |
| ३४ | बजार अनुगमन | १८ पटक |

## २. कार्यालयको संक्षिप्त परिचय

गण्डकी प्रदेश अन्तर्गत ११ जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७४।०७।१९ देखि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थापना भई कार्यालय संचालन भएको हो । नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेको अधिकार क्षेत्र भित्र कार्यालयबाट नियमित कार्य सम्पादन हुने गर्दछ ।प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको सरकार बीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध रोकथाम तथा नियन्त्रण, नागरिकता तथा राहदानी वितरण, राष्ट्रिय परिचयपत्र विवरण संकलन, अर्धन्यायिक कार्य, हातहतियार तथा खरखजाना, विपद् व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवा तथा अन्य गैरकानूनी क्रियाकलापको नियन्त्रण, लागूऔषध नियन्त्रण र कारवाही, सीमा सुरक्षा, अत्यावश्यक वस्तु तथा सेवाको नियमित आपूर्ति, बजार अनुगमन तथा कालो बजारी नियन्त्रण र अन्य आकस्मिक कार्यहरु समेत सम्पादन गरिएको छ ।

## २.१. जिल्लाको संक्षिप्त परिचय :-

- सीमानाः पूर्वः चितवन जिल्ला; पश्चिमः नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला; उत्तरः पाल्पा र तनहुँ जिल्ला; दक्षिणः चितवन र भारतको विहार प्रदेश
- क्षेत्रफलः १,३३१.१६वर्ग कि.मी.
- भारतसंग जोडिएको सीमाको लम्वाईः नारायणी नदि करिव ५.५ कि. मि. (पुल देखि सोनाभद्रा नदिसम्म २.५ कि. मी. र पुलदेखि दक्षिणपट्टी ३ कि. मी )
- सबै भन्दा अग्लो भू-भागः समुन्द्री सतहबाट १९३६ मिटर (देवचुली)
- कृषियोग्य जमिनः ४३८९७ हेक्टर
- वनजंगलले ढाकेको क्षेत्रः ५८.४९%
- मुख्य नदीःकालीगण्डकी र नारायणी
- प्रमुख खोलानालाः झरही खोला, केरुङ्गे खोला, गिरुवारी खोला, विनयी खोला, अरुणखोला
- प्रमुख ताल : पोखरी ताल र टरुवा ताल
- मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरुः दाउन्ने देवी मन्दिर, मौलाकालीका मन्दिर, गजेन्द्र मोक्ष्यधाम, शास्वतधाम, अकलादेवी मन्दिर, घुमारीघाट, लोसेधारा, महाराजाथान, सिखौली घाट, उन्नति कल्चरल भिलेज हर्कपुर, धौवादी, देवचुली डाँडा, अमलटारी होमस्टे, प्रिप्रहर होमस्टे

## २.२ जनसंख्याः (राष्ट्रिय जनगणना, २०७८) अनुसार जिल्लाको जनसंख्या

- जनसंख्याः ३,७८,०७९
- महिला : २०१६५९
- पूरुष : १७९४४६
- जनघनत्वः २७६ प्रति वर्ग कि.मि.
- जनसंख्या वृद्धि दर : १.९३%
- मुख्य जातीहरुः ब्राम्हण, क्षेत्री, थारु, गुरुङ ,मगर, कुमाल, दराई, मुसलमान, दलित, ठकुरी, दशनामी आदि ।
- स्थानीय तह अनुसारको जनसंख्या विवरण

| स्थानीय तह | पारिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| गैडाकोट नगरपालिका | २०१९१ | ३७९२९ | ४१४२० | ७९३४९ |
| देवचुली नगरपालिका | १४४९३ | २७३३६ | ३०६६७ | ५८००३ |
| कावासोती नगरपालिका | २२१६६ | ४०५२३ | ४६२९८ | ८६८२१ |
| मध्यविन्दु नगरपालिका | १५४३० | २७९८० | ३३१११ | ६१०९१ |
| विनयीत्रिवेणी गाउँपालिका | ९०७६ | १८१२९ | २०२४१ | ३८३७० |
| हुप्सेकोट गाउँपालिका | ६१७९ | १२१५३ | १४४३० | २६५८३ |
| बुलिङटार गाउँपालिका | ३४०२ | ७०४० | ७५९७ | १४६३७ |
| बौदीकाली गाउँपालिका | २९१३ | ५१८० | ६१५८ | ११३३८ |
| **संस्थागत** | **७५** | **१६१७** | **२७०** | **१८८७** |
| **जम्मा** | **९३९२५** | **१७७८८७** | **२००१९२** | **३७८०७९** |

## २.३ मुख्य आर्थिक गतिविधि :

- मुख्य पेशाः कृषि
- अन्य पेशाः व्यापार, व्यवसाय, वैदेशिक रोजगारी
- मुख्य वालीः धान, गहुँ, मकै, तोरी, मसुरो, उखु र केरा
- प्रमुख उद्योगः ६२
- घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका
    - साना उद्योग तर्फ : ६०००
    - वाणिज्य तर्फ : ८०५०
- औद्योगिक एवं व्यापारिक केन्द्रहरुः दुम्कौली, गैडाकोट, कावासोती, भेडावारी, सर्दी आदि।

## २.४ राजनीतिक विभाजन :

- स्थानीय तहः ८ वटा (४ नगरपालिका, ४ गाउँपालिका)
- वडाः ९१ वटा
- प्रतिनिधि सभा निर्वाचन क्षेत्रः २
- प्रदेश सभा निर्वाचन क्षेत्रः ४
- मुख्य राजनीतिक दलः नेपाली काङग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, संघीय समाजबादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा
- प्रतिनिधि सभामा प्रतिनिधित्वः ४
    - नेपाली कांग्रेसः ३ (प्रत्यक्ष २, समानुपातिक १)
    - राष्ट्रिय स्वतन्त्र पार्टिः१
- प्रदेश सभामा प्रतिनिधित्वः ६
    - नेपाली कांग्रेसः १ (प्रत्यक्ष)
    - नेपाल कम्युनिष्ट पार्टी (नेकपा):३ (प्रत्यक्ष )
    - नेकपा माओवादी केन्द्र : १ (समानुपातिक)
    - रा.प्र.पा. : १ (समानुपातिक)

## २.५ शैक्षिक संस्थाहरु

- क्याम्पसः २१
- सामुदायिक विद्यालयः ३१२
- संस्थागत विद्यालयः ९३
- मदरसा : १
- गुम्बाः१
- गुरुकुलः३
- प्राविधिक शिक्षालयः१० र अन्य अनुसूची-१ मा उल्लेख भए बमोजिम
- विशेष कक्षा :७ (सुस्त श्रवण २, दृष्टिविहिन १, सुस्त मनस्थिति १ समेत)

## २.६ धार्मिक मठ मन्दिर

- मठ मन्दिरः १०५
- गुम्बाः २३
- मस्जिदः ४
- मदरसा-५
- बिहार-१०
- चर्चः १३०

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको नक्सा



# ३. कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज

## क. संगठन संरचना

अनुसूची ८.४.१

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय (क) २ अन्तर्गत पर्ने जिल्लाहरुको संगठन संरचना**

(सप्तरी, सिरहा, सर्लाही, चितवन, ललितपुर, **नवलपरासी पूर्व,** नवलपरासी पश्चिम, कपिलवस्तु, दाङ, कैलाली, महोत्तरी, रौतहट, बारा, कन्चनपुर, बर्दिया, सुर्खेत, काभ्रे, मकवानपुर)



### ख. दरवन्दी तेरिज

| सि.नं. | पद | श्रेणी | दरवन्दी संख्या | पूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | ० | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प. द्धितिय | १ | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | ३ | ३ | ० | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | १० | ९ | १ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | १ | १ | ० | |
| ६ | खरिदार | रा.प. अनं. द्धितिय | ५ | २ | ३ | |
| ७ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | ३ | ३ | ० | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | करार ३ |
| **जम्मा** | | | **३३** | **२९** | ४ | करार ५ |

# ४. हालसम्मका प्रमुख जिल्ला अधिकारी र कार्यरत कर्मचारीको विवरण

**क) हालसम्मका प्रमुख जिल्ला अधिकारी**

| सि.नं. | पद | नामथर | देखी | सम्म |
|---|---|---|---|---|
| १ | का.मु.प्र.जि.अ. | श्री शम्भु प्रसाद मरासीनी | २०७४।०७।१९ | २०७५।०१।०३ |
| २ | प्र.जि.अ. | श्री महेश आचार्य | २०७५।०१।२१ | २०७५।०२।१८ |
| ३ | का.मु.प्र.जि.अ. | श्री दिपक राज नेपाल | २०७५।०३।१७ | २०७५।०९।१६ |
| ४ | प्र.जि.अ. | श्री दिपक राज नेपाल | २०७५।०९।१७ | २०७६।०२।२६ |
| ५ | प्र.जि.अ. | श्री बिष्णु कुमार कार्की | २०७६।२।२७ | २०७६।१०।२२ |
| ६ | प्र.जि.अ. | श्री पिताम्बर घिमिरे | २०७६।१०।२४ | २०७७।०५।२१ |
| ७ | प्र.जि.अ. | श्री मनमायाँ भट्टराई पंगेनी | २०७७।०५।२२ | २०७८।०९।२५ |
| ८ | प्र.जि.अ. | श्री सुमन घिमिरे | २०७८।०९।२६ | २०७९।१०।१० |
| ९ | प्र.जि.अ. | श्री कृष्ण प्रसाद लम्साल | २०७९।१०।११ | २०८०।०२।१६ |
| १० | प्र.जि.अ. | श्री कल्पना श्रेष्ठ | २०८०।०३।११ | |

**ख) कार्यरत कर्मचारीको विवरण**

| **क्र.सं.** | **नाम थर** | **पद** | **कैफियत** |
|---|---|---|---|
| १ | श्री कल्पना श्रेष्ठ | प्रमुख जिल्ला अधिकारी | |
| २ | श्री सुवास कुमार लामिछाने | सहायक प्रमुख जिल्ला अधिकारी | |
| ३ | श्री शिवराज कोइराला | प्रशासकिय अधिकृत | |

| | | | |
|---|---|---|---|
| ४ | श्री भरत सापकोटा | प्रशासकिय अधिकृत | |
| ५ | श्री रबिन्द्र प्रसाद ढुंगाना | प्रशासकिय अधिकृत | |
| ६ | श्री मिना सुवेदी | नायव सुव्वा | |
| ७ | श्री यादव पराजुली | नायव सुव्वा | |
| ८ | श्री सरस्वती पन्थी | नायव सुव्वा | |
| ९ | श्री राजेन्द्र शर्मा | नायव सुव्वा | |
| १० | श्री छत्रराज जोसी | नायव सुव्वा | |
| १२ | श्री दिपक पौडेल | नायव सुव्वा | |
| १३ | श्री गोविन्द अर्याल | नायव सुव्वा | |
| १४ | श्री सूर्य प्रसाद गौतम | लेखापाल | |
| १५ | श्री तारा देवी अर्याल | कम्प्युटर अपरेटर | |
| १६ | श्री नगिना भण्डारी | कम्प्युटर अपरेटर | |
| १७ | श्री छविलाल राना | कम्प्युटर अपरेटर | |
| १८ | श्री सुवास सापकोटा | विवरण दर्ता अपरेटर | करार |
| १९ | श्री ममता पोखेल | विवरण दर्ता अपरेटर | करार |
| २० | श्री विनिता कुमारी | खरिदार | |
| २१ | श्री नारायण प्रसाद भण्डारी | खरिदार | |
| २२ | श्री पूर्ण प्रसाद सापकोटा | कार्यालय सहयोगी | |
| २३ | श्री कृष्ण प्रसाद शर्मा | कार्यालय सहयोगी | |
| २४ | श्री शान्ती कंडेल | कार्यालय सहयोगी | करार |
| २५ | श्री सुरज महतो | कार्यालय सहयोगी | करार |
| २६ | श्री विष्णु नेपाल | कार्यालय सहयोगी | करार |
| २७ | श्री रामलाल गुरौं | हलुका सवारी चालक | करार |
| २८ | श्री रोहिणीकान्त रिजाल | हलुका सवारी चालक | करार |
| | श्री कल्पना गैरे | दर्ता सहयोगी | करार |

## ५. कार्यालयबाट सम्पादित कार्यहरु

यस कार्यालयबाट सम्पादन भएका मुख्य कार्यक्षेत्र र सो का कार्यहरु निम्नानुसार रहेका छन् :-

### ५.१ शान्ति सुरक्षा

जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) ले जिल्लाको नियमित रुपमा शान्ति सुरक्षा व्यवस्था मिलाएको र जिल्ला भ्रमणमा आउनु हुने अति उच्च पदस्थ तथा विशिष्ट पदाधिकारीको भ्रमण सुरक्षा गर्न जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राख्दै आएको छ । जिल्लाको शान्ति सुरक्षालाई भरपर्दो, मजबुत र व्यवस्थित बनाउने उद्देश्यले जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको छ । जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना, २०७९ को कार्यान्वयन प्रभावकारी रुपमा गरिएको छ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को एकिकृत सुरक्षा योजना बमोजिम निर्वाचन कार्य शान्तिपूर्ण रुपमा सम्पन्न भएको ।

जिल्ला प्रशासन कार्यालयले आफ्नो क्षेत्रका राजमार्गमा हुन सक्ने सवारी दुर्घटनाको न्यूनिकरण गर्न र सुरक्षित वातावरण सृजना गर्न राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाही सम्बन्धित मापदण्ड, २०७५ को कार्यान्वयन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकाय, स्थानीय तह, बिषयगत कार्यालय र यातयात व्यवसायी समेत रहेको जिल्ला यातायात समन्वय समिति गठन गरिएको छ । साथै समितिले राजमार्गमा हुन सक्ने अवरोधलाई हटाउने सम्भाव्य उपकरणको सूची समेत तयार गर्ने जिम्मेवारी सम्बन्धित सरोकारवाला निकाय सबैलाई दिएको छ ।

#### <u>५.१.१ शान्ति सुरक्षा तथा सुव्यवस्था :</u>

- नागरिक जिउधनको सुरक्षा गरी अपराधरहित वातावरण सिर्जना गर्न Crime Map सहितको जिल्ला ***एकिकृत रणनितिक सुरक्षा योजना,२०७९*** तर्जुमा गरी सो बमोजिम जिल्लामा शान्ति सुरक्षा व्यवस्था गर्नुका साथै अपराधिक क्रियाकलाप नियन्त्रण गर्न गस्ती, पट्रोलिङ्ग, सामुदायिक प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिएको, रोडको RSCC अभियानबाट लागु औषध, हातहतियार तथा अन्य तस्करीमा अप्रेसन सञ्चालन गरिएको । यसैगरी साइकल गस्ती, मोटरसाइकल गस्ती, पिकेटिङ्ग, पट्रोलिङ्ग लगायतका कार्य गरी जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गरिएको ।
- **<u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ निर्वाचन सम्पन्न सुरक्षा व्यवस्था :</u>**

  गृह मन्त्रालयबाट प्राप्त प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०७९ को आधारमा जिल्ला सुरक्षा समितिबाट स्वीकृत प्रतिनिधि सभा

सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विशेष सुरक्षा योजना, २०७९ निर्माण गरी सोही अनुसार निर्वाचन अगाडी, निर्वाचनको समयमा र निर्वाचन पश्चातका पूर्व योजना अनुसारका गतिविधीहरु तथा सुरक्षा रणनीति अनुसार प्रहरी जनशक्ती, हातहतियार, संचार साधन, सवारी साधनको प्रभावकारी तथा मितव्यी रुपमा उच्चतम प्रयोग गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन गतिविधी, मतगणना, विजय ऱ्याली सुरक्षा समेतका कार्य सम्पन्न भएको, जसको मुख्य ७ पक्षमा सुरक्षा व्यवस्था निम्नानुसार मिलाईएको थियो:-




- **मदार बाबा मेला सुरक्षा व्यवस्थापन :**
    - नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुख मदारबाबा मेला व्यवस्थापन समितिका पदाधिकारी लगायतका सरोकारवालाको उपस्थितिमा मदारबाबा मेला व्यवस्थापनको लागि मिति २०७९।१०।१७ मा सर्वपक्षिय बैठक बसेको ।
    - मिति २०७९।१०।२७ गते देखि मिति २०७९।११।०६ गते सम्म चलेको मदारबाबा धार्मिक मेला अवधिभर सुरक्षा ब्यवस्थालाई थप ब्यवस्थित एवं सुदृढ गराउन बिगतका बर्षहरुको अपराधिक घटनाहरुको बिश्लेषण एवं अध्ययनबाट " मदारबाब मेलाको एकीकृत सुरक्षा योजना" तयार गरी कार्यान्वयन गरिएको ।
    - शान्ति सुरक्षाको स्थितीलाई मजवुत गराउनको लागि सुरक्षा समितिको बैठक नियमित र आकस्मिक रुपमा बस्ने गरिएको ।

- जिल्ला भित्रका महत्वपुर्ण पदाधिकारीको सुरक्षा प्रवन्ध मिलाइएको, त्यसैगरी VVIP व्यवस्थापन गरिएको, जिल्ला भित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा औद्योगिक प्रतिष्ठानको सुरक्षा प्रवन्ध गरिएको । सबै क्षेत्रको सुरक्षा जोखिम तथा संवेदनशिलताका आधारमा भरपर्दो सुरक्षा प्रवन्ध मिलाइएको ।
- शान्ति सुरक्षा सुशासन, विकास निर्माण, कोभिड -१९ रोकथाम र नियन्त्रणमा सबै सरोकारवालाहरु, क्रमश : स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, संचार लगायतसंग समन्वय गरी कार्य गरिएकोले हालसम्म शान्तिसुरक्षा खलल हुन पाएको छैन ।
- शान्ति सुरक्षा सम्वन्धमा केन्द्रिय सुरक्षा समितिवाट भएको निर्णयहरु, विभिन्न समयमा माननीय मन्त्रीज्यू तथा श्रीमान सचिवज्युको अध्यक्षतामा सम्पन्न वैठकका निर्णयहरु, प्रदेश आन्तरिक मामिला मन्त्रालबाट हुने निर्देशन तथा परिपत्रलाई प्राप्त भएकै दिन कार्यान्वयनमा लैजाने गरी उच्च प्राथामिकतामा राखिएको ।
- **परीक्षा सुरक्षा व्यवस्था :**

जिल्लामा सञ्चालन हुने परीक्षा केन्द्रहरुमा परीक्षा सञ्चालनमा सुरक्षा व्यवस्थाको लागि जिल्ला परीक्षा समन्वय समितिको बैठक बस्ने गरेको र सो परीक्षा सुरक्षाको लागि सुरक्षा योजना समेत तयार गरी कार्यान्वय गर्ने गरिएको ।

### ५.१.२ सीमा सुरक्षा व्यवस्थापन

- मिति २०७९/०७/१५ (November 1, 2022) मा नेपाल (नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पर्सा, बारा, रौतहट, र चितवन जिल्ला) र भारतका सीमावर्ती जिल्लाका सुरक्षा निकायका प्रमुख सहितको सिमा बैठक सम्पन्न भएको ।

### ५.१.३ अन्तर जिल्ला समन्वय बैठक

आ.ब.२०७९।८० मा भएको अन्तर जिल्ला समन्वय बैठक :

| सि.नं. | मिति | आयोजक जिल्ला | सहभागी जिल्लाहरु |
|---|---|---|---|
| १ | २०७९।१०।१७ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | नवलपरासी (बर्दघाट सुस्ता पुर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) |
| २ | २०८०।०१।१७ | नवलपरासी (बर्दघाट सुस्ता पुर्व) | चितवन र नवलपरासी (ब.सु.पू.) |
| ३ | २०८०।०२।१२ | पाल्पा | नवलपरासी (बर्दघाट सुस्ता पुर्व) र पाल्पा |

## ५.२ नागरिकता वितरण

आ.ब. २०७९/०८० मा ५४९७ जना जना र पुरुष ४८६१ जना गरी जम्मा १०३५८ जनालाई नयाँ नागरिकता वितरण भएको छ।

विगतमा वितरण गरिएका नागरिकताहरु हराएमा, झुत्रो भएमा, विवरण फरक परी संशोधन गर्नु परेमा सम्बन्धित व्यक्तिले रितपूर्वक पेश गरेका कागजातहरुको आधारमा नागरिकताको प्रतिलिपी वितरण गर्दै आएको छ । आ.ब. २०७९/८० मा महिला ३३६७ र पुरुषको संख्या ४३०४ गरी जम्मा ७६७१ जनालाई प्रतिलिपी नागरिकता वितरण भएको छ ।

### ५.२.१ आ.ब. २०७९/८० मा वितरण भएको नागरिकताको विवरणहरु

| नागरिकता प्रमाण पत्र वितरण | | | | | नागरिकता प्रतिलिपी वितरण | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | महिना | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| १ | श्रावण | ७०१ | ५६८ | १२६९ | ४०८ | ४५१ | ८५९ |
| २ | भदौ | ३८५ | २९७ | ६८२ | २७१ | ३४६ | ६१७ |
| ३ | असोज | ३४१ | ३११ | ६५२ | १६५ | २३० | ३९५ |
| ४ | कार्तिक | ३८५ | ३७० | ७५५ | २३६ | ३१० | ५४६ |
| ५ | मंसिर | ४१४ | ३४५ | ७५९ | २३७ | ३३२ | ५६९ |
| ६ | पुस | ४२२ | ४०२ | ८२४ | ३०१ | ३५३ | ६५४ |
| ७ | माघ | ४५८ | ४१७ | ८७५ | २९१ | ३८९ | ६८० |
| ८ | फाल्गुण | ३१० | २९३ | ६०३ | २७५ | ३६९ | ६४४ |
| ९ | चैत्र | ३८७ | ३१४ | ७०१ | ३०१ | ३६६ | ६६७ |
| १० | बैशाख | ४५४ | ४२८ | ८८२ | २८२ | ३४४ | ६२६ |
| ११ | जेष्ठ | ७४५ | ६६३ | १४०८ | ३८१ | ४७० | ८५१ |
| १२ | आषाढ | ४९५ | ४५३ | ९४८ | २१९ | ३४४ | ५६३ |
| | **जम्मा** | **५४९७** | **४८६१** | **१०३५८** | **३३६७** | **४३०४** | **७६७१** |

### ५.२.२ नागरिकता वितरणको ५ वर्षको तुलनात्मक विवरण

| नागरिकता प्रमाण पत्र वितरण (संख्या) | | | | | नागरिकता प्रतिलिपी (वितरण संख्या) | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आ.ब. | महिला | पूरुष | नँया नागरिकता | महिला | पूरुष | प्रतिलिपी नागरिकता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २०७५/०७६ | ४४९६ | ४१९८ | ८६९४ | २३५४ | २५९९ | ४९५३ |
| २ | २०७६/०७७ | २६८९ | २६९२ | ५३८१ | १६२२ | १९१२ | ३५३४ |
| ३ | २०७७/०७८ | ४४९५ | ४२६१ | ८७५६ | ३४६९ | ३८७८ | ७३४७ |
| ४ | २०७८/०७९ | ६७१८ | ६०१३ | १२७३१ | ४१५५ | ५२०० | ९३५५ |
| ४ | २०७९/०८० | ५४९७ | ४८६१ | १०३५८ | ३३६७ | ४३०४ | ७६७१ |




## ५.३ राहदानी वितरण

E-Passport को विवरण निम्नानुसार रहेको छ :

### ५.३.१ आ.ब. २०७९/८० को राहदानी वितरण सम्बन्धी विवरण

| सि.नं. | महिना | राहदानी<br>E-passport (Enrollment) | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | नाबालक | जम्मा |
| १ | श्रावण | ८९१ | १७९३ | ० | २६८४ |
| २ | भदौ | ८१० | १२३० | ३४ | २०७४ |
| ३ | असोज | ५०० | ७५७ | २९ | १२८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कार्तिक | ५१५ | ८५५ | ४२ | १४१२ |
| ५ | मंसिर | ६०२ | १०३६ | ३९ | १६७७ |
| ६ | पुस | ४२२ | ७९४ | ४२ | १२५८ |
| ७ | माघ | ६१६ | ११३३ | ३५ | १७८४ |
| ८ | फाल्गुण | ५५४ | ९३२ | ३५ | १५२१ |
| ९ | चैत्र | ६९९ | ११७१ | ७२ | १९४२ |
| १० | बैशाख | ६४९ | ९४६ | ४६ | १६४१ |
| ११ | जेठ | ७०४ | १०५८ | ३५ | १७९७ |
| १२ | आषाढ | ७५९ | १००४ | ५६ | १८१९ |
| | जम्मा | ७७२१ | १२७०९ | ४६५ | २०८९५ |

## ५.३.२ राहदानी सेवाको ५ वर्षको तुलनात्मक विवरण

| आ.ब. | राहदानी वितरण | कैफियत |
|---|---|---|
| २०७४/०७५ | ६२२६ | |
| २०७५/०७६ | २१५६ | |
| २०७६/०७७ | ४८०७ | |
| २०७७/०७८ | ४४७१ | |
| २०७८/०७९ | ७९२९ | e-passport समेत |
| २०७९/०८० | २०८९५ | |



## ५.४ राष्ट्रिय परिचय पत्र

आ.ब. २०७९/८० मा महिला ८००७ र पुरुष १४०३९ गरी जम्मा २२१४६ जनाको विवरण संकलन भएको छ ।विद्युतीय स्वरुपमा नागरिकताको विवरण संकलन गर्ने पद्धति शुरुआत भएकोमा जनताको उल्लेख्य सहभागिता देखिएको छ र विदेश जाने नागरिकलाई राहदानी लिन समेत अनिवार्य भएकाले यसमा क्रमश: वृद्धि भएको छ ।

**आ.ब.२०७९/८० मा राष्ट्रिय परिचय पत्र विवरण संकलन :**

| सि.नं. | महिना | महिला | पूरुष | जम्मा |
|---|---|---|---|---|
| १ | श्रावण | ७६२ | १३४६ | २१०८ |
| २ | भदौ | ७८८ | १२३६ | २०२४ |
| ३ | असोज | ४८० | ९४६ | १४२६ |
| ४ | कार्तिक | ५१७ | ९०८ | १४२५ |
| ५ | मंसिर | ५०३ | ९१९ | १४२२ |
| ६ | पुस | ५२५ | ११३४ | १७५९ |
| ७ | माघ | ६१४ | १४०६ | २०२० |
| ८ | फाल्गुण | ५८६ | ११७१ | १७५७ |
| ९ | चैत्र | ७८४ | १३३० | २११४ |
| १० | बैशाख | ६९४ | ११७६ | १८७० |
| ११ | जेष्ठ | ९८९ | १३७१ | २३६० |
| १२ | आषाढ | ७६५ | १०९६ | १८६१ |
| | जम्मा | ८००७ | १४०३९ | २२१४६ |

## ५.५ प्रशासनिक कार्यहरु :-

नागरिकको जीउधनको सुरक्षाका साथै जिल्लाको समग्र शान्ति सुरक्षा, विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यबस्था, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी समन्वय, सहजीकरण, सरकारी सवारी साधनहरुको मितव्ययी प्रयोग र अनुमति, भारतीय सेनाका पेन्सनरहरुको पारिवारिक विवरण प्रमाणित, व्यक्ति प्रमाणित, नावालक परिचयपत्र, संस्था/छापाखाना/पत्रपत्रिका दर्ता, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन निरीक्षण, मासिक रुपमा कार्यालय प्रमुखहरुको वैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्बन्धी कार्य सम्पादन हुँदै आएको छ । आ. व. ०७९/८० मा प्रशासन शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यको तथ्यांकगत विवरण निम्नानुसार रहेको छ:

# आ.ब. २०७९।०८० मा प्रशासनिक कार्य सम्पादनको संक्षिप्त विवरण

| क्र.सं. | कामहरु | श्रावण | भदौ | असोज | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | १०० | ३२ | ३१ | २१ | ४४ | ६२ | १६१ | १२५ | ९७ | ६३ | ४८ | ३६ | **८२०** |
| २ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ५३ | ४१ | २५ | ३४ | ४३ | ४२ | ५९ | ३९ | ७७ | ८८ | १३९ | ९९ | **७३९** |
| ३ | आदिवासी जनजाति, दलित मधेशी र खस आर्य प्रमाणित | १०५ | ७७ | ११० | ३६ | ३१ | ७६ | ५४ | ९५ | ११७ | ७६ | ५१ | ३१ | **८५९** |
| ४ | चालचलन प्रमाणित | १ | ५ | २ | २ | १ | १ | १ | १ | ६ | ३ | १ | ५ | **२९** |
| ५ | नाबालक परिचय पत्र | ९० | ४० | ३८ | ७० | ५२ | | ५१ | ६१ | ५७ | ७९ | ७६ | ५३ | **६६७** |
| ६ | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | ९ | १२ | ७ | ४ | ११ | ९ | ११ | ७ | १२ | ८ | १३ | ६ | **८२** |
| ७ | संस्था नविकरण | २८ | ३६ | ७४ | २२ | ३२ | ४६ | ३९ | १७ | ३६ | १६ | १४ | २२ | **३३०** |
| ८ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | ० | **३** |
| | संस्थाको विधान संशोधन | ० | ० | ० | ० | १ | १ | १ | ० | १ | ० | ० | ० | ४ |
| ९ | सुरक्षा समितिको बैठक | २ | ४ | ४ | ४ | | ३ | ३ | १ | ३ | ६ | २ | १ | **३३** |
| | अन्तर जिल्ला समन्वय बैठक | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | **१** |
| | संयुक्त सिमा समन्वय बैठक | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | **१** |
| १० | कार्यालय प्रमुखहरुको बैठक | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | २ | **१५** |
| | जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेलको बैठक | ० | २ | ५ | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | **२०** |
| | राजनीतिक दलसंग समन्वय बैठक | ० | १ | ० | ० | | १ | १ | ० | ० | ० | ० | १ | ४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विविध बैठक | २ | ० | ० | ० | ० | ४ | ८ | २ | ३ | ३ | ३ | २ | **२७** |
| ११ | जिल्ल विपद व्यवस्थापन समितिको बैठक संख्या | ० | ० | १ | ० | ० | १ | १ | १ | ० | १ | ० | २ | **७** |
| १२ | जिल्ला दररेट समितिको बैठक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | **१** |
| १३ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको बैठक | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | १ | ० | **३** |
| १४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ४ | **७** |
| १५ | बजार अनुगमन | ० | ५ | ४ | ३ | ० | ० | ० | २ | १ | १ | १ | १ | **१८** |

## ५.६ मुद्दा फैसला तथा गुनासो व्यवस्थापन

जिल्ला प्रशासन कार्यालयले अर्धन्यायिक निकायको रुपमा रही अर्धन्यायिक कार्यहरुको सम्पादन गर्ने गर्दछ । न्यून गुणस्तरको खाद्य पदार्थ, कालो बजारी, सवारी दुर्घटना, जुवा तास, अभद्र व्यवहार, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर जस्ता फौजदारी अपराध सम्बन्धी मुद्दा दर्ता तथा सोको फछ्र्यौट गर्दै आएको छ । ठाडो उजुरिको रुपमा दर्ता भएका गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकास दिने काम गरेको छ । उक्त कार्यको तथ्याकंगत विवरण निम्नानुसार रहेको छ:-

### ५.६.१ आ.ब. २०७९/०८० को मुद्दाको संख्यात्मक विवरण

यस कार्यालयमा दर्ता तथा फैसला भएका मुद्दा, ठाडो उजुरी सुनुवाई (शान्ति सुरक्षा आदि) तथा सवारी क्षतिपूर्तिको विवरण निम्नानुसार रहेको छ:

| महिना | मुद्दा दर्ता | मूद्दा फैसला | ठाडो उजुरी | सवारी तथा यातायात व्यवस्था ऐन बमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेको निवेदन |
|---|---|---|---|---|
| अल्या | ६२ | | | |
| श्रावण | ९ | २ | १ | ० |
| भदौ | १४ | ८ | ५ | ६ |
| असोज | ६ | १४ | १३ | २ |
| कार्तिक | ५ | १ | ६ | ५ |
| मंसिर | ३ | ८ | २६ | ३ |

| | | | | |
|---|---|---|---|---|
| पुस | ५ | १२ | २२ | ६ |
| माघ | ४ | १ | ३० | २ |
| फाल्गुण | ६ | १२ | २९ | ३ |
| चैत्र | ७ | १७ | १५ | १ |
| बैशाख | ४ | ७ | २४ | |
| जेठ | ३ | १ | ३८ | |
| अषाढ | ७ | ७ | २८ | |
| **जम्मा** | **१३५** | **९०** | **२३७** | **२८** |
| **जम्मा फैसला** | ९० | | | |
| **फैसला हुन बाकी** | ४५ | | | |

### ५.६.२ मुद्दाको ५ वर्षको तुलनात्मक विवरण

| आ.ब. | मुद्दा दर्ता | मूद्दा फैसला | बाँकी | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| २०७४/०७५ | १३७ | १८ | ११९ | १३% |
| २०७५/०७६ | १७७ | १३२ | ४५ | ७५% |
| २०७६/०७७ | १३८ | ६६ | ७२ | ४८% |
| २०७७/०७८ | २११ | ९२ | ११९ | ४४% |
| २०७८/०७९ | २५० | १८८ | ६२ | ७५% |
| २०७९/०८० | १३५ | ९० | ४५ | ६६% |



### ५.६.२ जिल्लामा घटित मुख्य अपराधमा जिल्ला प्रहरी कार्यालयबाट भएको कारवाहीको त्रिबर्षिय तालिका




### ५.६.४ अर्धन्यायिक कार्यको जिल्ला प्रशासन कार्यालयमा निरीक्षण

नवलपुर जिल्ला अदालतका मा. जिल्ला न्यायाधीश श्री उमेश लुइटेलज्यूको टोलीबाट अर्धन्यायिक कार्यको जिल्ला प्रशासन कार्यालयमा निरीक्षण गर्नु भएको ।

## ५.७ संस्था दर्ता, नविकरण तथा नियमन

- जिल्ला तथा अन्तर्गतका क्षेत्रहरुमा कार्यक्षेत्र बनाएर काम गर्न चाहने सामाजिक तथा गैरनाफामुलक संस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार यस कार्यालयमा दर्ता हुँदै आएका छन् । आ.ब. २०७९/०८० सम्ममा यस जिल्लामा दर्ता भएका संस्था ४६६ रहेको छ ।
- यस कार्यालयमा दर्ता भएको संघ संस्थाको अनुगमन नियमित रुपमा गर्ने गरिएको । आ.ब. २०७९।८० मा २४ वटा संस्थाको अनुगमन गरिएको ।

## ५.८ कसूरजन्य सम्पत्ति तथा साधन मूल्याङ्कन :

यस जिल्लामा रहेका कसूरजन्य सम्पत्तिको व्यवस्थापनको कार्य भई रहेको सन्दर्भमा जिल्ला प्रहरी कार्यालयमा रहेका ३१८ वटा सवारी साधनहरुको हकदावीको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएकोमा सो मध्ये ८ वटा सवारी साधनहरु हकदावी गरी सम्बन्धित सवारी धनीले बुझी लगेको, १ वटा सवारी साधनको सम्बन्धमा मुद्दा चलिरहेको, ३८ वटा सवारी साधनलाई मर्मत गरी प्रयोगमा ल्याउने व्यवस्थाका लागि कसूरजन्य व्यवस्था विभागमा अनुरोध भएको र २७१

वटा सवारी साधन मर्मत पश्चात पनि प्रयोगमा ल्याउन नसकिने हुँदा लिलाम बिक्री भई ४१,४३,३३२/- (एकचालिस लाख त्रिचालिस हजार तीन सय बत्तिस) राजस्व संकलन भएको ।

## ५.९ भन्सार जाचँपास सुरु :

विनयी त्रिवेणी गाउँपालिकामा पर्ने प्रदेशको एक मात्र नेपाल भारत सीमा क्षेत्रमा रहेको त्रिवेणी धाम व्यारेज स्थित भारत तर्फ बाट भन्सार कार्यालय खोली मिति २०७९ पुस २५ बाट भन्सार जाँचपास सुरु गरिएको जसबाट दुई तर्फी सामान ओसारपसार सहज रुपमा सुरु हुने विश्वास लिइएको ।

## ५.१० औद्योगिक क्षेत्र स्थापना सम्बन्धी समन्वय :-

कावासोती र देवचुली नगरपालिकाको सीमाक्षेत्र लोकाहा खोलामा प्रदेश औद्योगिक क्षेत्र स्थापनाका लागि समन्वय ।

## ५.११ नमुना सदरमुकाम निर्माणमा पहल

शहरी विकास तथा भवन निर्माण विभागबाट तयार भएको जिल्ला प्रशासन कार्यालयको डिजाइन अत्तिम रुप दिइएकाले बोलपत्र आह्वान गर्ने निर्णय ।

## ५.१२ राजश्व चुहावट अनुगमन तथा नियन्त्रण

जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक नियमित रुपमा बस्ने गरेको ।

## ५.१३ प्र.जि.अ. निवास भवन निर्माण :

- प्रमुख जिल्ला अधिकारीको निवासको दोस्रो तला थपको लागि E-Bidding प्रक्रियाबाट बोलपत्र दाता छनौट भई पहिलो ढलान भई गाह्रो लगाउने कार्य सम्पन्न भएको ।
- आ.व. २०७९/०८० को तेस्रो त्रैमासिकसम्म १००% कार्य सम्पन्न भई भौतिक प्रगति भएको।

## ५.१४ क्रसर उद्योग :

दर्ता तथा नवीकरण नगरी एवं प्रचलित कानून एवं मापदण्ड विपरित ढुंगा, गिट्टि, रोडा तथा बालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु तत्काल बन्द गर्ने निर्देशन बमोजिम क्रसर उद्योग सञ्चालन सम्बन्धमा बैठक बसी दर्ता नभई सञ्चालनमा आएका र परियोजना विशेषको लागि स्थापना भई सञ्चालनमा आएका तर परियोजना सम्पन्न भए पश्चात पनि सञ्चालनमा रहेका क्रसर उद्योगहरु बन्द गर्ने र दर्ता भई सञ्चालनमा रहेका तर नविकरण नभएका क्रसर उद्योगहरु प्रचलित कानून अनुसार तिर्नुपर्ने कर, दस्तुर, शुल्क लगायतका राजस्व

लिई २०८० असार मसान्तसम्म यथावत रुपमा सञ्चालन गर्न दिने निर्णय भई सोही अनुसार कार्यान्वयनमा लगिएको।

## ५.१५ सरकारी कार्यालय निरीक्षण :

यस कार्यालयले जिल्ला स्थित कार्यालयहरुबाट आ–आफ्नो कार्यधिकार भित्र रहेर प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरेका छन् वा छैनन् भनेर अनुगमन गर्दै आएको छ । अनुगमनको कार्यलाई अगाडि बढाउन सुशासन ऐन,२०६४ को दफा (१३) र सुशासन नियमावली, २०६५ को नियम (६) बमोजिम अनुगमन गर्ने गरिएको छ ।

- आ.ब. २०७९/८० मा ५ पटक सरकारी कार्यालयहरु अनुगमन गरिएको ।

## ५.१६ बजार अनुगमन :

वाणिज्य तथा आपूर्ती विभागले यस जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरिक्षण अधिकृत तोकेको र जिल्लामा उत्पादन भएका वस्तु तथा सेवा प्रवाह स्थिति, गुणस्तर र लागतहरुको स्थलगत रुपमा नियमन गर्ने उद्देश्यले सम्बन्धित विषयगत कार्यालयहरुसँगको सहकार्यमा बजार अनुगमनको कार्यलाई निरन्तरता दिदै आएको छ । बजार अनुगमनको कार्यलाई व्यवस्थित बनाउन बजार अनुगमन कार्ययोजना कार्यन्वयनमा ल्याइएको छ । त्यसै गरी जिल्ला बजार अनुगमन समिति र स्थानीय बजार अनुगमन समितिका संयुक्त बैठकहरु बसी अनुगमनहरु पनि संयुक्त रुपमा गर्ने गरिएको छ ।यस आ.ब. मा जम्मा १८ पटक संयुक्त रुपमा बजार अनुगमन कार्य सम्पन्न भएको छ ।

## ५.१७ सुरक्षा निकायको निरीक्षण :

आ.ब. २०७९।८० २४ पटक सुरक्षा निकायको अनुगमन गरिएको ।

प्रहरी चौकी अनुगमन



### ५.१८ जिल्ला स्थित सूचना अधिकारी सँग अन्तरक्रिया :

जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरुका सुचना अधिकारीहरुको उपस्थितिमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियवमावली, २०६५ मा भएका व्यवस्था र नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्लामा सो को कार्यान्वयनको अवस्था विषयक अन्तक्रिया कार्यक्रम ४ पटक (त्रैमासिक रुपमा नियमित) सम्पन्न गरिएको ।

## ६. लागुऔषध नियन्त्रण

लागुऔषध नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन र लागु औषध तथा पुनः स्थापना केन्द्रको अनुगमन कार्यलाई निरन्तरता दिने हेतुले निरन्तर रुपमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुको उपस्थितिमा बैठक बसेको छ । यस जिल्लामा ८ वटा पुर्नस्थापना केन्द्र सञ्चालनमा रहेको र समय-समयमा अनुगमन निर्देशन र नियमन गर्ने गरिएको छ ।

- लागु औषध सेवन, विक्री वितरण नियन्त्रणका सम्बन्धमा बैठक -३
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : ४ पटक
- सिमानाकामा हुन सक्ने लागू औषध ओसारपसारको जोखिमलाई मध्यनजर गरी अन्तर जिल्ला सुरक्षा समन्वय बैठक मार्फत सूचना आदान प्रदान गर्ने र गस्ती र पट्रोल बढाउने सम्बन्धमा निर्णय भएको ।महेन्द्र राजमार्गमा RSCC कार्यक्रम मार्फत रोड सुरक्षामा खटिएको गस्तीबाट लागू औषध ओसारपसार गर्ने गिरोहलाई नियन्त्रणमा लिई मुद्दा चलाईएको । Crime Map बमोजिम लागू औषध जोखिम क्षेत्रमा विशेष निगरानी बढाइएको ।
- **लागु औषध नियन्त्रण कार्ययोजना अनुरुप सप्ताहव्यापी कार्यक्रम (२०२३,जुन २६) मिति २०८०।०३।११** मा लागु औषधको दुरुपयोग तथा अवैध ओसारपसारलाई रोक्ने उद्देश्यले जुन २६ लाई हरेक वर्ष लागु औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवसको रुपमा नेपालले मनाउदै आएको सन्दर्भमा सन् २०२३ मा पनि यो दिवसलाई सप्ताहव्यापी रुपमा मनाउने निर्णय भए अनुसार प्रभातफेरी कार्यक्रम, सचेतना र्‍याली सहितको कार्यक्रम, सचेतना प्रशिक्षण कार्यक्रम, नेपाल भारत सीमानाकाबाट लागु औषध ओसार पसार नियन्त्रण समन्वय बैठक, लागु औषध नियन्त्रणको लागि सचेतना गश्ती, लागु औषध दुर्व्यशनले घर,समाज र व्यक्तिगत जिवनमा पार्ने प्रभाव विषयक विद्यार्थी सँग अन्तरकृया लगायतका कार्यक्रम गरी मनाइएको

- ## औषध कारोवार तथा ओसार पसार उपर कारवाहीको अवस्था :

| लागु औषधको नाम | फेनारगन | डाईजापाम | नुर्फिन | IPPL | खैरो हेरोईन जस्तो देखिने | ब्राउन सुनार जस्तो देखिने धुलो | PROXYMED SPAS | नाईट्राभेट १० | ओनरेक्स | प्रोमेथार्जिन | REXTAS लेखेको | SPAS लेखिएको | गाँजा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
